एनआरएनको सामान्यज्ञान

गैर आवासीय नेपाली संघ (एनआरएनए)बाट पुराना साथीहरुले बिदा लिदै गर्दा संघका विगतका गतिविधिहरु र इतिहास विर्सिने हो कि भन्ने महसुस गर्दै सन २०११-२०१३ मा संघको प्रवक्ता रहँदा लेखकले एनआरएनको सामान्यज्ञान प्रकाशन शुरु गरेको थिएँ। उक्त सामान्य ज्ञानलाई अद्यावधिक (update) गरी २०१३ र त्यस पछि भएका गतिविधिलाई समेत थप गरेर यो प्रश्नोत्तरी तयार पारिएको हो। लेखक एनआरएनएको कार्यकारी पदमा नभएकोले प्रस्तुत तथ्य र तथ्याङ्कप्रति संघ जिम्मेवार रहने छैन। तर यहाँ प्रस्तुत प्राय तथ्याङ्कको श्रोत लेखकसँग सुरक्षित छ। नयाँ पुस्ता र एनआरएन अभियानमा चासो राख्नेहरुका लागि यो प्रश्नोत्तरी उपयोगी हुने विश्वास छ।

डा हेम राज शर्मा

पूर्व प्रवक्ता तथा संयोजक विधान संशोधन सुझाव समिति,

गैरआवासीय नेपाली संघ,
अन्तर्राष्ट्रिय समन्वय परिषद

प्रश्न १: एनआरएनएको स्थापना किन, कसरी र कहिले भएको थियो ?

विदेशमा रहेका नेपाली र नेपाली मुलका विदेशी नागरिकको ज्ञान, सीप, प्रविधि र पूँजीको परिचालन गर्दै देश विकासमा टेवा पुर्‍याउन सकिने सोचले रसियामा बस्ने नेपालीहरुको सकृयतामा २००३ अगष्टमा लण्डनमा एक भेला आयोजना गरी सोही वर्षको अक्टोवर ११-१३ तारिखमा काठमाडौमा पहिलो विश्व सम्मेलन गरेर विधिवतरुपमा गैरआवासीय नेपाली संघको स्थापना भएको थियो। त्यसैले एनआरएनएको गर्भ रसियामा, जन्म लण्डनमा र न्वारान काठमाडौंमा भएको भन्ने गरिन्छ। लण्डन बैठकको आतिथ्य नेपालबाहिर भएको सबै भन्दा पुरानो नेपाली सँस्था यति एसोशियनले गरेको थियो भने बैठकमा बेलारुसबाट उपेन्द्र महतो, रसियाबाट भिम उदास र जीबा लामिछाने, जर्मनीबाट रामप्रताप थापा, अमेरिकाबाट श्रीमान श्रीमती राज उपाध्याय, अष्ट्रेलियाबाट दिपक खड्का, क्यानाडाबाट कुञ्जर शर्मा, बेलायतबाट डा राघव धिताल, चिरञ्जीवि ढकाल, हरिविभोर कार्की, निमा लामा, महन्त श्रेष्ठ, ध्रुव केसी, माधवलाल श्रेष्ठ, बाल मुकुन्द जोशी लगायतको उपस्थिति

प्रश्न २: को हुन गैरआवासीय नेपाली (एनआरएन) ?

बाहिर बस्ने नेपालीहरुमा नेपालप्रतिको सामिप्यता अभिवृद्धि गरी नेपालको सर्वाङ्गीण विकासमा सहभागी गराउने उद्देश्यका साथ व्यवस्थापिका संसदले २००७ अगष्ट २७ (२०६४ भाद्र १०) मा एक ऐन जारी गरि उनीहरुलाई 'गैरआवासीय नेपाली (एनआरएन)' को रुपमा मान्यता दिएको छ। नेपाल सरकारको यस ऐन अनुसार गैरआवासीय नेपाली भन्नाले सार्कको सदस्य मुलुक बाहेक अन्य मुलुकमा कुनै पेशा, व्यवसाय र रोजगारी गरी कम्तीमा दुई वर्ष विदेशमा बसोबास गरेको नेपाली नागरिक वा सार्कको सदस्य मुलुकबाहेक अन्य मुलुकको नागरिकता लिएका नेपालीमूलका नागरिकलाई जनाउँदछ। सरकारी परिभाषामा नेपाल सरकारबाट खटीई विदेशस्थित कूटनैतिक नियोग वा महावाणिज्य दूतावासमा बहाल रहेको र विदेशस्थित शिक्षण संस्थामा अध्ययन गरिरहेको नेपाली नागरिक गैरआवासीय नेपालीमा पर्दैनन्।

गैरआवासीय नेपालीसंघले एक आर्थिक वर्षमा १८२ दिन भन्दा बढी नेपाल बाहिर बस्ने नागरिकलाई गैरआवासीय नागरिकमा परिभाषित गर्ने विश्वव्यापी मान्यता विपरित गरेको सरकारको दुई वर्षे परिभाषालाई लामो समय अस्वीकार ग-यो। यही असहमतिले गैरआवासीय नेपाली संघ नेपालमा दर्ता हुन ढिलाई भएको थियो (हेर्नुस प्रश्न १४)।

स्मरणीय रहोस राजा ज्ञानेन्द्रको पालामा नेपाल सरकारले सन् २००५ सेप्टेम्बर २ (२०६२ साल भाद्र १७) मा जारी गरेको 'गैरआवासीय नेपालीका सम्वन्धमा व्यवस्था गर्न बनेको अध्यादेश'ले समेत १८२ दिन भन्दा बढी बाहिर बस्ने नेपाली नागरिकलाई गैरआवासीय नेपालीमा परिभाषा गरेको थियो। तत्काल संसद नभएकोले राजा ज्ञानेन्द्रको सत्ताकालमा उक्त अध्यादेश जारी गरिएको थियो। पछि शाहीकालका सबै अध्यादेशहरु लोकतान्त्रिक सरकारले खारेज गर्दा यो अध्यादेश पनि खारेज भएको थियो। राष्ट्रले एक पटक स्वीकार गरेको परिभाषा नै विधयेकमा आउनेछ भन्नेमा संघ विश्वस्त थियो तर त्यसो हुन सकेन। १८२ दिनको परिभाषा अनुसार एनआरएनएका सांगठनिक संरचनाहरु विकास भएका थिए। कतिपय राष्ट्रिय समन्वय परिषद्हरु सम्वन्धित राष्ट्रहरुमा सोही अनुरुप दर्ता पनि भएका थिए।

प्रश्न ३: नेपाल सरकारको एनआरएनए ऐनले के अधिकार प्रदान गरेको छ? के हो एनआरएन परिचय पत्र भनेको? परिचयपत्र लिन संघको सदस्य बन्नु पर्छ?

सन् २००७ सालमा व्यवस्थापिका संसदले जारी गरेको गैरआवासीय नेपाली सम्वन्धी ऐनले पहिलो पटक बाहिर बस्ने नेपालीलाई कानूनी मान्यता दिएको थियो भने २००९ मा यसै ऐन अन्तर्गत बनेको गैरआवसीय नेपाली सम्वन्धी नियमावलीले लगानीको वातावरणलाई सहज बनाउनुका साथै गैरआवासीय नेपालीलाई परिचयपत्रको व्यवस्था गरेको छ। परिचयपत्र २ वर्ष भन्दा बढि विदेशमा बस्ने नेपाली (एनआरएको परिभाषाले समेट्ने) र नेपालीम मूलका विदेशी नागरिक दुबैले सम्वन्धित देशको नेपाली दूतावास वा पररराष्ट्र मन्त्रालयबाट शुल्क तिरेर प्राप्त गर्न सक्छन। परिचयपत्रको अवधि विदेशमा बस्ने नेपाली नागरिकको लागि २ वर्ष र नेपालीम मूलका विदेशी नागरिकका लागि १० वर्षको छ। परिचयपत्र लिन संघको सदस्य बन्नु पर्दैन।

परिचयपत्र वाहकले नेपाल आवज जावत गर्न भिसा लिई रहनु पर्दैन तर सरकारको पछिल्लो व्यवस्था अनुसार विमानस्थलमा आगमनको समयमा फाराम भने भर्नु पर्छ। फाराम भर्ने व्यवस्थालाई खुकुलो पार्नलाई संघले सरकारसँग पहल गर्दै आएको छ। ऐनले एनआरएनहरुले नेपालमा गरेको लगानी चाहेको समयमा फिर्ता लिन सक्ने व्यवस्था गरेको छ। नेपाली मूलका विदेशी नागरिकहरुलाई काठमाडौमा बढीमा दुई रोपनी, तराईका नगरपालिका क्षेत्रमा आठ कठ्ठा, अन्य जिल्लाका नगरपालिकामा चार रोपनी, तराईमा गाविसमा एक विगाह वा बाँकी क्षेत्रमा दश रोपनी सम्म जग्गा खरिद गर्न पाउछन। तर नेपालीमूलको विदेशी नागरिकको हैसियतले (विदेशी नागरिकता लिनु भन्दा पहिले) नेपालमा कुनै अचल सम्पत्ती प्राप्त गरेको भए त्यसको भोगचलन गर्न पाउछन। ऐन अनुसार गैरआवासीय नेपाली संघ नेपालमा दर्ता गर्न कम्तीमा पच्चिस मुलुकका पचास जना गैरआवासीय नेपाली पररराष्ट्र मन्त्रालयमा निवेदन दिन सक्नेछन।

प्रश्न ४: विश्वका कति देशमा कति सँख्यामा नेपालीहरु बसोबास गर्छन वा कार्यरत छन?

यसको एकिन तथ्याङ्क नभए पनि ११० भन्दा बढी देशमा ४०-४५ लाख नेपालीहरु (भारत बाहेक तर बर्मामा भएका नेपाली सहित) रहेको अनुमान गरिएको छ। यी मध्य दुई तिहाई भन्दा बढी मध्यपूर्व, मलेसिया, कोरिया लगायतका देशमा वैदेशिक रोजगारमा रहेका छन। वैदेशिक रोजगार विभागको श्रोत अनुसार हाल सम्म करीब ४३ लाख जनालाई श्रमस्वीकृति जारी गरिएको छ। जस मध्ये करीब एक तिहाई नेपाल फर्किसकेको अनुमान छ। जस अनुसार करीव २९ लाख नेपाली वैदेशिक रोजगारमा छन। भारतमा मात्र ५० लाख नेपालीहरु कार्यरत वा बसोबास गरेको अनुमान छ। त्यसकारण जम्मा जनसँख्याको करिव एक तिहाई देश बाहिर रहेको छ भने आधा जति युवाहरु (वैदेशिक रोजगारमा जाने अधिकांश युवा भएकोले) बाहिर छन।

खुला सिमानाको कारणले रोजगारको लागि भारतमा जाने चलन धेरै पहिले देखि थियो भने सन १९९० मा पुनर्स्थापित प्रजातन्त्रपछि आमनेपालीले सुलभ किसिमले पासपोर्ट लिन सक्ने र अन्य मुलुकमा जाने बाटो खुल्यो। माओवादी जनयुद्ध ताका (१९९६-२००६) वैदेशिक रोजगारमा जानेहरुको सँख्या ह्वात्तै बढेको थियो। माओवादी शान्ति प्रकृयामा आए पनि त्यस पछिको राजनैतिक अस्थिरताले विदेश जाने नेपालीको सँख्या झन बढ्दो छ। श्रम विभागले प्रत्येक वर्ष ५ लाख श्रमस्वीकृति जारी गर्दै आएको छ। नेपालको कूल जिडिपीको एक तिहाई रेमिटेन्सले धानेको छ। अन्य दक्षीण एशियाली डायस्पोरा दाँजोमा नेपाली डायस्पोरा कान्छो हो अथवा गैरआवासीय नेपालीहरु पहिलो पुस्ताका नेपाली हुन।

प्रश्न ५: गैरआवासीय नेपाली संघका प्रमुख उद्देश्यहरु के के हुन?

स्थापनाकाल देखि संघको उद्देश्य विदेशमा बस्ने नेपालीहरुलाई एकजुट गर्दै उनीहरुले आर्जन गरेको ज्ञान, सीप, प्रविधि र पूँजी नेपालमा भित्राएर देशको आर्थिक र सामजिक विकासमा टेवा पुर्याउने रहेकोछ। संघको विस्तार र विकास क्रमसँगै उद्देश्यहरु थपिदै गएका छन्। संघको हालको विधानले निम्न उद्देश्यहरु निर्धारित गरेको छ। तर राष्ट्रको अपेक्षा आर्थिक लगानीमा नै छ।

१) विदेशमा बस्ने नेपालीहरुको हितलाई संरक्षण गर्ने एवं नेपालको प्रवर्द्धन गर्ने।
२) संसारभरिका नेपाली संघ संगठनहरुसंग समन्वय कायम गर्ने एवं विश्व सञ्जाल स्थापना गरी गैरआवासीय नेपालीहरुको साझा संस्थाको रुपमा तिनको प्रतिनिधित्व

गर्ने ।

३) गैरआवासीय नेपालीको पूँजी र मानव संसाधनको लगानी नेपालको चौतर्फि विकासमा लगानी गर्न नेपाल सरकार र नेपाली उद्यमीहरुसंग साझेदारी स्थापना गर्ने र त्यसको विकास गर्ने।

४) विदेशी मुलुकमा नेपाली संस्कृति र पर्यटनको प्रवर्द्धन गर्ने।

५) विदेशी प्रत्यक्ष लगानीलाई नेपालभित्र आकर्षण गर्नका लागि उत्प्रेरकको रुपमा कार्य गर्ने।

६) गैरआवासीय नेपालीहरु बसोबास गरि रहेका मुलुकहरुमा उनीहरुको स्थायित्व, सुरक्षित वैदेशिक रोजगार र समग्र हितका लागि क्रियाशील रहने।

प्रश्न ६: गैरआवासीय नेपाली संघको सांगठनिक संरचना कस्तो छ?

गैरआवासीय नेपाली संघको कार्यकारी समितिलाई अन्तर्राष्ट्रिय समन्वय परिषद् (International Coordination Council, ICC) भनिन्छ। विभिन्न देशमा संघसँग आवद्ध भएका राष्ट्रिय समन्वय परिषद् (National Coordination Council, NCC) छन। २०१५ अक्टोवरमा संशोधित विधान अनुसार अन्तर्राष्ट्रिय समन्वय परिषदमा एक अध्यक्ष, एक महिला सहित तिन उपाध्यक्ष, एक महासचिव, दुई सचिव, एक कोषाध्यक्ष, एक सहकोषाध्यक्ष, एक प्रवक्ता, एक महिला संयोजक, एक युवा संयोजक, क्षेत्रिय संयोजकहरु (एशिया प्यासिफिक, अफ्रिका, अमेरिका, यूरोप, मध्यपूर्व र ओसियानाबाट एक एक जना), क्षेत्रीय उपसंयोजकहरु (प्रत्येक क्षेत्रबाट कम्तिमा एक जना), क्षेत्रिय महिला उपसंयोजकहरु र क्षेत्रिय युवा उपसंयोजक तथा हरेक देशबाट कम्तिमा एक जना सदस्य रहेका हुन्छन। सदस्य बाहेकका पदाधिकारीहरुको चयन हरेक दुई वर्षमा काठमाडौमा हुने अन्तराष्ट्रिय महाधिवेशनमा उपस्थीत राष्ट्रिय समन्वय परिषद्का प्रतिनिधीले गर्छन भने सदस्यको चयन हरेक देशमा हुने राष्ट्रिय महाधिवेशनले गर्छ। प्रवक्ता र थप २१ जना सदस्यलाई अन्तर्राष्ट्रिय समन्वय परिषदले मनोनित गर्छ। मनोनित २१ सदस्यहरु मध्ये कम्तिमा ७ जना महिला सदस्य रहन्छन। अध्यक्ष देखी प्रवक्ता सम्मका पदाधिकारी रहेको अन्तर्राष्ट्रिय कार्यकारी सचिवालय (International Executive Secretariat, IES) हुन्छ, जसले अन्तर्राष्ट्रिय समन्वय परिषद्को बैठक नबस्ने अवस्थामा विभिन्न विषयमा निर्णय लिन सक्छ तर यसलाई अन्तर्राष्ट्रिय समन्वय परिषद्को बैठकले पारित गर्नु पर्छ । पदाधिकारीहरु संयोजक रहने गरी बिभिन्न बिषयगत समिति, उपसमिति तथा कार्यदल गठन गरिन्छ। हाल १४ समिति, ६ उप समिति र १०कार्यदल छन। यस्ता समिति र कार्यदलमा विज्ञताको आधारमा जो कोही पनि सदस्य रहने व्यवस्था छ। अन्तर्राष्ट्रिय समन्वय परिषद्को सदस्य वा पदाधिकारी हुन एक कार्यकाल राष्ट्रिय समन्वय परिषदमा काम गरिको हुनु पर्छ।

प्रश्न ७: गैरआवासीय नेपाली संघको सञ्जाल कति देशमा फैलिएको छ?

२०१६ को मार्च सम्म ७३ देशमा राष्ट्रिय समन्वय परिषदहरु स्थापना भएका छन। जस मध्ये एशिया प्यासिफिकका १५, अफ्रिकाका १५, अमेरिकाका ३, यूरोपका २७, मध्यपूर्वका १० र ओसियानाका ३ देश छन। सबै भन्दा जेठो राष्ट्रिय समन्वय परिषद रसिया (स्थापना २००३ अक्टोवर) हो भने कान्छो EQUATORIAL GUINEA (स्थापना २०१६ मार्च २०) हो। रसिया पछि स्थापना हुने राष्ट्रिय समन्वय परिषदहरुमा कतार (२००३ डिसेम्बर १२०), जर्मनी (२००४ जनवरी २४), जापान (२००४ फेब्रुअरी ११) छन।

एनआरएनको सञ्जाल विश्वका सबै महाद्वीपमा छ। स्मरणीय रहोस नेपाल सरकारा कूटनीतिक नियोग करीब ३० देशमा मात्र छन।

प्रश्न ८: गैरआवासीय नेपाली संघका नियमित गतिविधिहरु के के हुन?

गैरआवासीय नेपाली संघले प्रत्येक दुई वर्षमा काठमाडौंमा विश्व सम्मेलन र नेपाल बाहिर क्षेत्रीय सम्मेलनहरु आयोजना गर्दै आएको छ। साथै गैरआवासीय नेपाली संघको स्थापना भएको दिन अक्टोवर ११ लाई गैरआवासीय नेपाली दिवस (NRN Day) को रुपमा नेपाल भित्र र बाहिर मनाईन्छ। यी बाहेक आवश्यक अनुसार विभिन्न क्षेत्रमा क्षेत्रीय बैठकहरु आयोजना हुने गर्छन भने राष्ट्रिय समन्वय परिषदका आ-आफ्नै छुट्टै कार्यक्रमहरु हुन्छन्। संघको महिला तथा युवा विभागले आफ्नै कार्यक्रमहरु आयोजना गर्छ । जस्तै: यूरोपमा बार्षिक महिला सम्मेलन आयोजना हुन्छ। नेपाल सरकारको युवा तथा खेलकुद मन्त्रालय, राष्ट्रिय युवा परिषद र गैरआवासीय नेपाली संघको संयुक्त आयोजनामा २०१६ अक्टोवर १ देखि ४ सम्म पहिलो अन्तर्राष्ट्रिय युवा सम्मेलन काठमाण्डौमा आयोजना गर्दैछ।

हाल सम्म सातवटा विश्व सम्मेलन (२००३ अक्टोवर ११-१३, २००५ अक्टोवर ७-९, २००७ अक्टोवर १५-१७, २००९ अक्टोवर १३-१५, २०११ अक्टोवर १२-१४, २०१३ अक्टोवर १९-२२, २०१५ अक्टोवर १४-१७) र आठ वटा क्षेत्रीय सम्मेलन (२००५ जनवरी २०-१३ दोहा कतार, २००६ जुन २-४ बोन जर्मनी, २००८ बैंकक मे २४-२५, २०१० मे २८-३० ह्युस्टन अमेरिका, २०११ जनवरी १४-१६ दुबई युएई, २०११ जुलाई २३-२५ मस्को रसिया, २०१२ अगष्ट ३०-सेप्टेम्वर १, सिड्नी अष्ट्रेलिया, १०१४ सेप्टेम्बर १८-१९ तातेसिना जापान) हरु सम्पन्न भईसकेका छन्। स्थानिय निकाय-वासिन्दासँग गैरआवासीय नेपालीहरुको सहकार्य

बढाउने उद्देश्यले गैरआवासीय नेपाली दिवस कार्यक्रम काठमाडौ बाहिर पनि आयोजना गरिन्छ। हाल सम्म जनकपुर र पोखराले आथित्य गरेकोछ।

प्रश्न ९: विश्व सम्मेलनका कति देशबाट कति जनाको सहभागिता हुन्छ?

विश्वसम्मेलनमा भाग लिने प्रतिनिधि र राष्ट्रहरुको सँख्या प्रत्यक सम्मेलन बढ्दै गएको तथ्याङ्क छ (ग्राफ हेर्नुस)। २००३ मा सम्पन्न पहिको विश्व सम्मेलनमा ३२ देशबाट २२८ जनाको सहभागिता थियो भने २०१५को सातौ सम्मेलनमा ५२ देशबाट ११९१ को सहभागिता थियो । चौथो र पाचौं सम्मेलनमा चुनावी प्रतिस्पर्दाले गर्दा प्रतिनिधीहरुको सँख्या पहिलेका सम्मेलन भन्दा दुई-तिन गुणाले बढेको थियो, जुन क्रम पछीका सम्मेलनमा पनि जारी छ। विश्व सम्मेलन प्रतिको चासोले कती सँख्या बढायो एकिन गर्न सजिलो छैन। नेपालबाट सम्मेलनमा सहभागी हुनेको सँख्या घट्दोछ। भारतका प्रवासीका नेपालीले पहिलेका सम्मेलनहरुमा भाग लिए पनि पछिल्ला सम्मेलनमा सहाभगीता छैन।

प्रश्न १०: विश्व सम्मेनलका प्रमुख उद्देश्य के के हुन र सम्मेलन कसरी सम्पन्न हुन्छ?

प्रत्येक दुई बर्षमा काठमाडौंमा सम्पन्न हुने विश्व सम्मेलन गैरआवासीय नेपाली संघको मात्र नभएर देश बाहिर बस्ने सम्पूर्ण नेपालीहरुको सम्मेलन हो। त्यसैले यसलाई गैरआवासीय नेपाली विश्व सम्मेलन भनिन्छ (गैरआवासीय नेपाली संघको विश्व सम्मेलन नभनीकन)। सम्मेलनको आयोजना नेपाल सरकार, नेपाल उधोग तथा बाणिज्य महासंघ र गैरआवासीय नेपाली संघले संयुक्त रुपमा गर्छन र सम्मेलनमा तीन वटै पक्षको सकृय सहभागिता रहन्छ। प्रश्न ९ मा भने झै सम्मेलनमा संसारभरका प्रवासी नेपालीहरुले भाग लिन्छन। सम्मेलन मुख्य कार्यक्रम दुई दिनको हुन्छ भने सम्मेलन सँगै संघको अन्तर्राष्ट्रिय महाधिवेशन हुन्छ जसले संघको नयाँ नेतृत्व चयन गर्छ। सम्मेलन र महधिवेशन पूर्व र पछी पनि कार्यक्रम हुने भएकोले एक हप्ता बढि नेपाल एनआरएनमय हुने गर्छ।

विश्व सम्मेलनले नेपालमा लगानी गर्न चाहने, नेपालको आर्थिक-सामाजिक विकास देखी नेपाली भाषा, साहित्य, संस्कृतिको जगेर्ना गर्न सहयोग गर्ने, ज्ञान, सिप र प्रविधिको साटासाट (share) गर्न चाहने देश विदेशमा रहेका नेपालीहरु वा सँस्थाहरुलाई विचारको मन्थन गर्ने साझा थलो (Platform) प्रदान गर्छ र आपसी सहकार्यको संभावनाको खोजी हुन्छ। यसको साथै गैरआवासीय नेपालीहरुका समस्या र संभावनाबारे सम्वधीत निकायको प्रत्यक्ष ध्यानाकर्षण गराईन्छ। बिभिन्न विषयगत सत्रहरु (session) मा नेपाल सरकारका उच्चपदस्त अधिकारी तथा सरोकारवाला मन्त्रीहरुलाई आमन्त्रण गरेर गैरआवासीय नेपालीसँग प्रत्यक्ष अन्तर्कृया गरिन्छ। सम्मेलनको उद्घाटन राष्ट्र प्रमुख र समापन सरकार प्रमुखले गर्ने प्रचलन भएकोले गैरआवासीय नेपालीहरुका मुद्दाहरुले राष्ट्रिय सञ्चार माध्यममा उच्च महत्व पाउँछन्।

'Government of the day' सँग काम गर्ने गैरआवासीय नेपाली संघको निति अनुसार जुनै राजनैतिक व्यवस्था वा दलको प्रतिनिधित्व गर्ने राष्ट्र-सरकार प्रमुख सत्तामा भए पनि सम्मेलनमा आमन्त्रण गरिन्छ। देशको समसामहिक विषयमा छलफल गर्न विभिन्न राजनैतिक दलका नेताहरु र नागरिक समाजका अगुवाहरुलाई सम्मेलनमा निमन्त्रणा गरिन्छ।

सम्मेलनमा छलफल भएका विषयमा आधारित भएर सम्मेलनको अन्यमा 'काठमाडौ घोषणापत्र' जारी गरिन्छ, जसमा सम्मेलनका तिनवटै आयोजनहरुको हस्ताक्षर रहन्छ वा स्वामित्व हुन्छ। यसै घोषणापत्रको आधारमा गैरआवासीय नेपाली संघले दुई बर्षको कार्ययोजना र परियोजना निर्धारण गर्छ। घोषणापत्रका प्रतिबद्दताहरुलाई कार्वान्यन गर्न बिषयगत समिति र कार्यदलहरु गठन गरिन्छ। विगतमाका घोषणापत्रमा गरिएका प्रतिबद्दता अनुसारको काम हुन नसकेको महसुस भएकोले घोषणापत्रहरुको समिक्षा गर्नु जरुरी छ। सो कार्यको लागी नेपाल सरकार, महासंघ, गैरआवासीय नेपाली संघका दुई दुई जना प्रतिनिधी रहने गरी एक समिति गठन गर्ने २०११ मा तत्कालिन पररार्ष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठले प्रस्ताव गरेका



विश्व सम्मेलनमा सहभागी प्रतिनिधि र देशको संख्या

थिए तर त्यो लागू भएको छैन।

प्रश्न ११: विश्व सम्मेलन र संघको अन्तर्राष्ट्रिय महाधिवेशनमा के फरक छ?

संघको अन्तर्राष्ट्रिय महाधिवेशन विश्व सम्मेलन सँगसगै आयोजना हुने भएकोले धेरैले विश्व सम्मेलनलाई नै महाधिवेशन हो भनेर बुझ्ने गरेका छन। तर यी दुबै फरक कार्यक्रम हुन। सम्मेलनको उद्देश्य माथी (प्रश्न न १०) उल्लेखित भए अनुसार हुन्छ भने महाअधिवेशनमा संघको आन्तरिक गतिविधिमा केन्द्रित हुन्छ, जस्तै संघको विधान संशोधन, प्रगति विवरण, आर्थिक प्रतिवेदन आदि पेश गरिन्छ। महाधिवेशनले दुई वर्षे कार्यकालको लागि नयाँ नेतृत्व पनि चयन गर्छ। महाधिवेशनका प्रतिनिधिहरु चुनावमा केन्द्रित हुदा विश्व सम्मेलन सहभागीता कम हुने गरेको छ। यसलाई सुधार्न २०१३ र २०१५मा महाधिवेशन विश्व सम्मेलन पहिले (पहिलो र दोश्रो दिन) र विश्व सम्मेलन पछि (तेश्रो र चौथो दिन) गरिएको थियो। तर चुनाव सकिए पछि प्रतिनिधीहरु विश्व सम्मेलनमा सहभागी नहुने भएको पाईयो। अन्तर्राष्ट्रिय महाधिवेशन नेपाल बाहिर गर्ने पनि छलफल भएको थियो तर भिसा आदि कारणले सबै प्रतिनिधीहरु सहभागि हुन नसक्ने कारणले यो संभव नहुने निर्यौल निकालिएको थियो। नेतृत्व चयनका लागि भौतिकरुपमा काठमाडौमा उपस्थित हुन नसक्ने प्रतिनिधीहरुलाई अनलाईन वा ईलेक्ट्रोनिक माध्यमबाट मत दिन पाउने व्यवस्था गर्न कुरा पनि समय समयमा उठ्ने गरेको छ तर यस्तो प्रवाधानले सम्मेलनमा सहभागीता घट्ने ठानी थप छलफल भएको छैन।

प्रश्न १२: विश्व सम्मेलन र क्षेत्रीय सम्मेलनमा के फरक छ?

क्षेत्रीय सम्मेलनमा नेपाल बाहिर विभिन्न देश वा क्षेत्रमा पालैपालो आयोजा गरिन्छ। विश्व सम्मेलनमा जस्तै क्षेत्रीय सम्मेलनमा पनि विश्व भरका गैरआवासीय नेपालीहरुको सहभागिता रहन्छ। सम्मेलनमा नेपाल सरकार प्रतिनिधी, नेपालका व्यवसायीहरु तथा सञ्चारकर्मीहरुलाई आमन्त्रण गरिन्छ। क्षेत्रीय सम्मेलनको आयोजना गैरआवासीय नेपाली संघ एक्लैले गर्छ। क्षेत्रीय सम्मेलन सम्वन्धी क्षेत्रमा बसोबास गर्ने गैरआवासीय नेपालीहरुको समस्या र संभावनामा केन्द्रित हुन्छ। जस्तै, २००५ सालमा कतारको दोहामा सम्पन्न पहिलो र २०११ मा दुबईमा पाचौं क्षेत्रीय सम्मेलन मार्फत मध्यपूर्वमा भएका नेपाली कामदारहरुको समस्याबारे पहिचान र समाधानका सुझावहरु, २००६ मा जर्मनीको बोनमा सम्पन्न दोश्रो क्षेत्रीय सम्मेलन दोहोरो नागरीकतामा र २०१० मा अमेरिकामा सम्पन्न चौथो सम्मेलन नेपालमा खुला विश्वविधालयमा स्थापनामा केन्द्रित थियो।

क्षेत्रीय सम्मेलनमा संघका परियोजनाहरु र अन्य कार्यमा भएका प्रगतिको समिक्षा गरिन्छ। सामान्यतया, क्षेत्रीय सम्मेलनमा संघको विधान संशोधन तथा आर्थिक प्रतिवेदन अनुमोदन हुदैन। तर पाचौं विश्व सम्मेलनमा विधानमा छलफल गर्न प्रयाप्त समय नभएकोले ततपश्चात सिडनीमा हुने क्षेत्रीय सम्मेलनमा विधान संशोधन गर्ने अधिकार अन्तर्राष्ट्रिय महाधिवेशनले दिएको थियो। त्यो सम्मेलनमा सबै क्षेत्रबाट प्रतिनिधित्वको सहभागिता नरहेको र वैधानिक प्रकृया पनि पुर्याउन संभव नभएकोले (खास गरी क्षेत्रिय सम्मेलनमा राष्ट्रिय समन्वय परिषदले प्रतिनिधिहरु नपठाउने भएकोले) क्षेत्रिय सम्मेलनले विधान संशोधन गर्न सकेको थिएन। २००९-२०११ को कार्यकालमा मात्र तीनवटा क्षेत्रीय सम्मेलनहरु आयोजना गरिएको थियो। यसले संघको अधिकांश समय र श्रोत सम्मेलनमा खर्च भएको महसुस गरी एक कार्यकालमा एउटा मात्र क्षेत्रीय सम्मेलन गर्ने विधानमा व्यवस्था गरिएको छ। नवौ क्षेत्रीय सम्मेलन अमेरिकाको न्युजर्सीमा २०१६ अगष्ट २७-२८ मा आयोजना हुदैछ। अमेरिका दोहोराएर सम्मेलनको आथित्य गर्ने पहिलो देश हो। यस सम्मेलनमा एनआरएनको भावी दिशा कस्तो हुने भन्ने बिषयमा छलफल हुनेछ, यसको नारा 'NRNA VISION 2020 and BEYOND' रहेको छ।

प्रश्न १३: सम्मेलनहरु आयोजना गर्ने लाग्ने खर्च कसरी जुटाईन्छ?

विश्व सम्मेलन आयोजना गर्न लाग्ने खर्चको ठुलो हिस्सा सौजन्यता (sponsorship) र सहभागीहरुको दर्ता शुल्क (registration fee) बाट जुटाईन्छ। मध्यपूर्व र म्यान्मार लगायतका देशबाट सहभागीहुने तथा विद्यार्थीहरुका लागी दर्ता शुल्क ७५ अमेरिकी डलर र अन्य सहभागीका लागी १५० डलर लिने गरिन्छ (२०१५ को सातौ विश्व सम्मेलन भन्दा पहिले दर्ता शुल्क ५० डलर र १०० डलर थियो) । सौजन्यता प्राय गैरआवासीय नेपाली संघका पदाधिकारीहरुले व्यक्तीगतरुपमा वा उनीहरुबाट सञ्चालित व्यवसायी सँस्थाले गर्दछन।

पहिले पहिले विश्व सम्मेलनको आयोजकको हैसियतले नेपाल सरकारले सम्मेलनमा लाग्ने खर्च गर्ने गरे सरकारले थोरै अंश (करीव २०%) बेहोर्ने गथ्यौं पछिल्लो दुई सम्मेलनमा सबै खर्च संघले बेहोर्दै आएको छ। सम्मेलनको अर्को आयोजक नेपाल उधोग तथा बाणिज्य महासंघले सम्मेलनलाई चाहिने लजिस्टिक र म्यानपावर उपलब्ध गराउछ। क्षेत्रीय सम्मेलनमा लाग्ने खर्च भने संघले मात्र जुटाउछ। सम्मेलन भर सहभागीहरुको खान-पिनको व्यवस्था गर्नु पर्ने, सम्मेलनमा सहभागी हुने नेपालका उच्चपदस्थ अधिकारीका लागि सुरक्षाको लागि उपयुक्त हुने ठाउँमा सम्मेलन आयोजना गर्नु पर्ने, सञ्चार माध्यमलाई सहज उपस्थितिको लागी व्यवस्था मिलाउनु पर्न आदि कारणले सम्मेलन निकै खर्चिलो हुन्छ। सहभागीको सँख्या र महङ्गी बढ्दै गएकोले विश्व सम्मेनको खर्च पनि बर्षिनै बढ्दो छ। दोश्रो सम्मेलनमा करीब ४३ लाखको खर्च थियो भने पछिल्लो सातौ

सम्मेलनमा रु १ करोड ५७ लाखको हाराहारीमा खर्च भएको थियो (तलको ग्राफ हेर्नुस)। महङ्गी र सहभागीको सँख्या बढ्दै गएकोले खर्च पनि बढेको हो। सम्मेलनका सबै सहभागीहरु (संघको नेतृत्व समेत) ले नेपाल आउने जाने, बस्ने सबै खर्च आफैं बेहोर्छन। नेपालमा रहदा एक सहभागीले औसतमा ५-६ सय डलर (जहाज खर्च बाहेक) मात्र खर्च गर्यो भने पनि नेपालको अर्थबजारमा करोडौं रुपैयाको योगदान रहन्छ, जुन सरकारले सम्मेलनमा लगानी गरे भन्दा कयौं गुणा बढी हुन्छ।

विश्व सम्मेलनमा नेपाल सरकारले गर्ने खर्चको बारेमा सञ्चार माध्यममा नकरात्मक टिकाटिप्पणी आए पछि सबै खर्च आफै जुटाउने कुरा परराष्ट्रमन्त्री समक्ष राखेको थियो। सरकारले आयोजनको हैसियतले खर्च जुटाउने दायित्व आफ्नो पनि भएको बताएको थियो। संघले सरकारबाट सहयोग लिन छाडे पछि सरकारले एनआरएनको स्वागतमा एउटा लञ्च वा डिनर दिने गर्छ । यसै गरी, असमान दर्ता शुल्कले निर्वाचनमा एक क्षेत्रको प्रभाव पर्ने भएकोले दर्ता शुल्क क्षेत्रीय आधारमा नभई सहभागीको आम्दानीको आधारमा हुनु पर्ने आवाज पनि उठेको छ। सम्मेलनमा हुने खर्च कसरी कम गर्ने उपायहरुबारे पनि छलफल हुन जरुरी भएको ठान्नेहरु छन।

प्रश्न १४: गैरआवासीय नेपाली संघ नेपालमा कानूनी रुपमा दर्ता हुन किन ढिला भयो?

विविध कारणले अभियान शुरु भएको १० वर्ष पछि (२०१३ मा) मात्र गैरआवासीय नेपाली संघ नेपालमा कानूनीरुपमा दर्ता भयो। नेपालको संघ सँस्था दर्ता ऐन अनुसार नेपाली नागरिकहरुले मात्र संघ दर्ता गर्न सक्छन। अभियानमा लागेका कतिपयले विदेशी नागरिकता लिएका कारणले उनीहरुको नेपाली नागरिकता रद्द भएको वा छाड्न परेको स्थिति छ। त्यसैले संघको दर्ता गर्न विशेष कानूनी व्यवस्था अथवा गैरआवासीय नेपाली सम्वन्धी विधेयकको अपरिहार्य रह्यो। उक्त विधेयक २००७ अगष्टमा मात्र लागु भयो भने विधेयक अन्तर्गतको ऐन बन्न अर्को दुई वर्ष वा २००९ सम्म कुर्नु पर्यो। यसरी आएको विधेयकमा पनि गैरआवासीय नेपालीको परिभाषा विश्वब्यापी मान्यता र संघको विधानसँग नमिल्ने गरी आयो। यो असहमतीको कारणले संघ दर्ता हुन झन ढिला भयो (हेर्नुस प्रश्न २)।

संघले विश्वब्यापी मान्यता अनुसार चालू आर्थिक वर्षमा १८२ दिन भन्दा बढी दक्षिण एसियाली सहयोग संगठन अन्तर्गतका मुलुकहरू वाहेकका अन्य देशहरूमा अध्ययन, पेशा रोजगारी वा व्यवसाय गरी बसोवास गर्ने नेपाली नागरिकलाई गैरआवासीय नेपाली मान्दै आएको थियो। सरकारी परिभाषाले विधार्थी र २ वर्ष भन्दा कम समय विदेशमा बसेकोलाई एनआरएनमा समेटेन। यसले अल्पकालीन वैदेशिक रोजगारमा गएका नेपालीहरूले आफूहरू राष्ट्रबाट उपेक्षित भएको ठानेका र दुई वर्षको परिभाषा स्विकार्दा गैरआवासीय नेपाली बिचको एकता खलबलिने भएकोले परिभाषा सच्चाएर मात्र दर्ता गर्ने अडान संघले लिदै आएको थियो। तर संघ दर्ता नहुदा संयुक्त लगानी, खुल्ला विश्वविद्यालय जस्ता परियोजना अगाडी बढाउन कठिन भएका कारणले अन्तत २०१३ मा सम्पन्न छैटौ महाधिवेशनबाट विधानमा एनआरएनको परिभाषा परिवर्तन गरी सोही सम्मेलन मै नै परराष्ट्रमन्त्रीले तत्कालिन संघका अध्यक्ष जीवा लामिछानेलाई दर्ता प्रमाणपत्र प्रदान गरेका थिए

प्रश्न १५: संघको कार्यालय भवन कहाँ छ?

संघको कार्यालय स्थापना काल देखी नेपाल उधोग बाणिज्य महासंघको भवन टेकुमा रहेको छ। संघले धेरै पहिले देखी आफ्नै भवन बनाउने घोषणा गरे पनि २०१३ मा संघ नेपालमा दर्ता भए पछी मात्र संघको नाममा जग्गा किन्ने कानूनी बाटो खुलेको थियो। संघले बालुवाटारमा प्रधानमन्त्री निवास र सभामुख निवासको अगाडि करीब १३ करोड रुपैयाको लागतमा तीन रोपनी जग्गा किनेको छ। भवनको शिलन्याश २०१५ मार्चमा तत्लालिन प्रधानमन्त्री शुशिल कोईरालाले गर्नु भएको थीयो (फोटो हेर्नुस)। तर भूकम्प लगायत विविध कारणले भवन निर्माण शुरु हुन सकेको छैन। भवन निर्माणका लागि विभिन्न देशमा बस्ने गैरआवासीय नेपालीले रु १९ करोडको प्रतिवद्दता गरे पनि हाल सम्म करीब १० करोड रुपैया मात्र जम्मा भएको छ। भवन निर्माण शुरु भए पछी प्रतिवद्दता गरेको रकम आउने संघले विश्वाश गरेको छ। सबै भन्दा बढि रकम सहयोग गर्नेहरुमा डा उपेन्द्र महतो (रु १ करोड ५१ लाख) र शेष घले (रु १ करोड) छन। उक्त जग्गामा घर बनाउन कानूनी झण्झट भएको कुरा मिडियामा आए पनि संघले यसको खण्डन गरेको छ। आफ्नै कार्यालय भवन बने पछि संघको आन्तरिक व्यवस्था चुस्त हुने



विश्व सम्मेलन सहभागीको लाग्ने खर्च ।

अपेक्षा गरिएको छ भने अर्को तिर सचिवालय चलाउन खर्च बढ्ने भएकोले चुनौती थपिने देखिन्छ। शुरुका दिनमा भवन बनाउने विषयमा छलफल हुदा भवनको सम्मेलन कक्ष, काफे आदिबाट प्राप्त हुने आम्दानीले सचिवालय चलाउने अवधारणा अगाडी सारिएको थियो।

प्रश्न १६: एनआरएनएको सचिवालयको खर्च कसरी चल्छ?

काठमाडौ स्थित सचिवालयको मुख्य श्रोत सदस्यता शुल्क, अन्तराष्ट्रिय समन्वय परिषदका सदस्य तथा पदाधिकारीहरुको लेवी, सम्मेलनको सौजन्यताबाट बाकिँ रकम आदि छन। प्रत्येक पञ्जिकृत सदस्य बराबर ५ डलर (पहिले ३ डलर) राष्ट्रिय समन्वय परिषदले अन्तर्राष्ट्रिय परिषदलाई बुझाउछन भने पदाधिकारीले एक कार्यकालमा ५०० डलर लेबी तिर्छन। सँस्थापक अध्यक्ष डा महतोले आफ्नो कार्यकाल सकाउने समयमा (२००९) सचिवालय सञ्चालनको लागि एक अक्षयकोषको स्थापनाको पहल गरेका थिए तर त्यस अक्षयकोषको आकार त्यसपछी बढ्न सकेको छैन। सचिवालयको वार्षिक खर्च रु ५० लाखको हाराहारीमा हुन्छ। एनआरएनका पदाधिकारीहरुको कुनै तलब सुविदा हुदैन। भ्रमण आदि निजी खर्चमा गर्छन।

प्रश्न १७: एनआरएनएका पञ्जीकृत सदस्य कति छन?

२०१५-२०१७ को अवधीमा करिब ५२ हजार पञ्जिकृत सदस्य रहेका छन, जुन बाहिर बस्ने नेपालीको सँख्याको १% भन्दा थोरै बढी हुन आउछ। राष्ट्रिय परिषद्को चुनावलाई ध्यानमा राखेर सदस्य बनाउने चलन रहेकोछ। सदस्यता शुल्क कम वा निशुल्क गरी बढि भन्दा बढी गैरआवासीय नेपालीलाई संघमा आवद्द बनाउनु पर्ने (खास गरी मध्यपूर्वका नेपालीहरुलाई) एक थरीको आवाज रहेको थियो तर संघले सदस्यता शुल्क ३ डलरबाट बढाएर ५ डलर पुराएर पछि उनीहरु निराश भएका छन। तर संघले २००३ मा निर्धारण गरेको शुल्क १२ वर्ष पनि सोही कायम गर्दा सचिवालय धान्न मुस्किल पर्ने जिकिर गरेको छ। संघ सदस्यता शुल्कमा निर्भर नभई अन्य नियमित श्रोतको खोजी हुनु पर्ने एक थरीको भनाई छ।

प्रश्न १८: एनआरएनको सदस्य कसरी बन्न सकिन्छ?

एनआरएनको पञ्जीकृत सदस्यको वितरण राष्ट्रिय समन्वय परिषदले गर्छन। सम्वन्धित देशको राष्ट्रिय समन्वय परिषदले तोकेको शुल्क तिरी सदस्यताको लागि आवेदन दिन सकिन्छ। राष्ट्रिय समन्वय परिषद गठन नभएका देशका एनआरएनलाई अन्तर्राष्ट्रिय समन्वय परिषदले सदस्यता प्रदान गर्छ । अन्तर्राष्ट्रिय समन्वय परिषदले अभियानलाई उल्लेखनिय योगदान गरेका व्यक्तीलाई मानार्थ सदस्यता प्रदान गर्न सक्छ भने सँस्थाहरु पनि संघको सम्वद्द सदस्य हुन सक्छन। एनआरएनको परिभाषा अनुसार दक्षीण एशियाली मुलुक भन्दा बाहिर २ वर्ष भन्दा बढी बस्ने सबै नेपाली वा नेपाली मुलका विदेशी नागरिक सबैलाई संघले साधरण सदस्यता मान्दै आएको छ। राष्ट्रिय समन्वय परिषदले जारी गरेका पञ्जिकृत सदस्यहरु बाहेक अरु सदस्यहरुको मतदानको अधिकार हुदैन।

प्रश्न १९: दलगत राजनीतिमा लागेकाहरु एनआरएनमा संलग्न हुन पाउछन वा पाउदैनन?

पाउछन। उनीहरुको संलग्नता बिना एनआरएन सबैको नेपालीको साझा संस्था बन्न सक्दैन। तर 'conflict of interest' नहोस भनेर सँघको आचार संहिता र निर्वाचन नियमावलीले संघको कार्यकारी पदमा रहनेहरु एकै साथ राजनैतिक, जातिय वा धार्मिक सँस्थाको कार्यकारी पद धारण गर्न नसक्ने व्यवस्था गरेको छ। तर यस्तो व्यवस्था कडाईका साथ लागु हुन सकेको छैन।

प्रश्न २०: एनआरएनले भूकम्प पीडितलाई कति र कसरी सहयोग ग-यो?

सन २०१५ को अप्रिलमा आएको महाभूकम्प पीडितहरुको उद्धार तथा राहतका लागि संघका पदाधिकारीहरु विभिन्न क्षेत्रमा खटेका थिए। विभिन्न देशमा बस्ने नेपालीहरुबाट हाल सम्म प्राप्त रु ३३ करोड सहयोग मध्ये करीब ३ करोड रुपैया राहत कार्यमा खर्च भएको छ भने बाँकी रकमल भूकम्प पीडितहरुका लागि घर बनाउन खर्च गरिने छ। संघले १००० वटा घर बनाउने प्रतिबद्धता गरे अनुसार गोर्खाको लाप्राकमा ६१२ घरको नमूना वस्ती (घर, विद्यालय, अस्पताल, खानेपानी, बत्ति, बाटोघाटो आदिको सुविधा सहित) बनाउन सरकारसँग संझौता भएकोछ। २०१६ अप्रिलमा लाप्राकमा भएको एक कार्यक्रममा राष्ट्रपति विद्यादेवी भण्डारीको उपस्थितिमा पुनर्निर्माण प्राधिकरण, शहरी विकास मन्त्रालय र गैरआवासीय नेपाली संघबीच नमुना बस्ति बनाउने समझदारीपत्रमा हस्ताक्षर भएको थियो। २०१६ अगष्ट महिनासम्म गुरु योजना तयार गरी २०१७ को जुलाई महिना अथवा बर्षात भन्दा पहिले वस्ती तयार गर्ने संघले अपेक्षा गरेको छ। बाँकी ४०० घरहरु अर्को जिल्लामा बनाउने सोच भए पनि संघले निर्णय गरी सकेको छैन। ३३ करोड मध्ये घले दम्पतीले MIT Group Foundation को तर्फबाट प्राप्त रु २ करोड सहयोग गर्नु भएको हो भने अन्य पदाधिकारीहरुले पनि उल्लेख्य सहयोग गरेका छन।

प्रश्न २१: एनआरएनले नेपालमा कुन कुन क्षेत्रमा कति आर्थिक लगानी गरेका छन?

सामाजिक सँस्था भएकोले एनआरएनले आफैं आर्थिक लगानी गर्दैन। तर लगानीको वातावरणका लागि सरकारलाई ऐन, कानून, नीति निर्माण गर्न सुझाव दिने, गैरआवासीय नेपाली तथा विदेशी लगानीकर्तालाई आकर्षण गर्ने, उनीहरुको साझा

प्लेटफर्म तयार गर्ने काम संघले गर्छ। एनआरएनहरुले नेपालमा कति लगानी गरेका छन भन्ने यकीन तथ्याङ्क छैन तर अहिले सम्म जलविद्युत, वित्तीय, पर्यटन, कृषि, शिक्षा, स्वास्थ्य आदि क्षेत्रमा ५० अर्ब रुपैया भन्दा बढी पुगेको अनुमान गरिएको छ। एनआरएनहरुको संयुक्त लगानीमा भएको ठूलो तथा पहिलो परियोजना लमजुङको दोर्दी खोलाको जलविद्युत परियोजना हो। ३५ मुलुकका ८०० लगानीकर्ताबाट १ अर्बको लगानीमा हुने यो योजनाको निर्माण अन्तिम रुपमा छ। संघका वर्तमान अध्यक्ष शेष घलेको लगानीमा काठमाडौमा ७ अर्ब रुपैंयामा ५ तारे सेराटन होटल, डा महतोको व्यक्तिगत लगानीमा बन्न लागेको सुविधा सम्पन्न अस्पताल आदि व्यक्तिगत ठूला लगानीका उदाहरण हुन। यसै गरी पूर्व अध्यक्ष जीवा लामिछानेले सञ्चार तथा बैकिङ, देवमान हिराचनले कृषि तथा अन्य पदाधिकारीहरुले विभिन्न क्षेत्रमा लगानी गरेका छन।

नेपाल आर्थिक पत्रकार मञ्चले ९ जिल्लामा गरेको सर्वेक्षण अनुसार यी जिल्लाहरुमा मात्र एनआरएनले करीव ३० अर्बको लगानी गरेका छन (सन २०१४ सम्म)। सर्वेक्षण गरेका जिल्लामा काठमाडौ, भक्तपुर, ललितपुर, बाग्लुङ, गोर्खा, मकवानपुर, सिराहा, चितवन र कास्की छन।

राष्ट्रले अपेक्षा गरे अनुसारको नभए पनि आफ्नो हैसियत अनुसार (पहिलो पुस्ताका एनआरएन भएकोले) योगदान एनआरएनले गरेको छ भन्दा अनपयुक्त नहोला। राष्ट्र द्वन्दमा फसेको बेलामा पनि लगानी डुब्ने कुनै प्रवाह नगरी लगानी भित्राएका थुप्रै उदाहरण छन। देशलाई सजिलो परेको बेला विदेशीहरुले पनि लगानी गर्न सक्छन्, तर अप्ठेरो परेको बेला हामीले नै गर्नु पर्छ भन्ने भावनाले धेरैले हात फैल्याएका थिए।

प्रश्न २२: एनआरएनले नेपालमा परोपकारको क्षेत्रमा कहाँ र कति लगानी गरेको छ?

आर्थिक लगानी जस्तै परोपकारमा भएको लगानीको यकीन तथ्याङ्क उपलब्ध छैन। यस क्षेत्रमा करीब १ अर्व ५० करोड रुपैया लगानी भएको भएको अनुमान छ। 'एक एनसिसि एक परियोजना' कार्यक्रम अन्तर्गत एनसिसिहरुले थुप्रै ठाउँमा लगानी गरेका छन। हरेक एनसिसिले एक कार्यकालमा सानो वा ठूलो कम्तिमा एक परियोजना लैजाने गर्छन। करोडको हाराहारीमा लगानी गरेका उदाहरणमा राष्ट्रिय समन्वय परिषद यूकेले म्याग्दी र अष्ट्रेलियाले पाथीभरामा निर्माण गरेको वृद्धाश्रम पर्दछन। भूकम्प, बाढी, आगलागी जस्ता दैवीप्रकोपमा एनआरएनले सहयोग पुर्याउदै आएको छ। यो बाहेक घले दम्पतीको एमआईटी फाउण्डेसनले स्वास्थ्य र शिक्षाको क्षेत्रमा १ अर्व लगानी गर्ने घोषणा गरेको छ। डा. महतोले आमाको नाममा फूलकुमारी महतो ट्रष्ट स्थापना गरी थुप्रै क्षेत्रमा परोपकारी कार्यहरु गर्दै आएका छन्। मुस्ताङ जिल्लाको मुक्तिनाथमा ३२ फिट अग्लो भगवान बुद्धको मूर्ति निर्माणका लागि अमेरिकाको न्यूयोर्क निवासी एनआरएनएका क्षेत्रीय संयोजक सोनाम लामाले एक करोड ४० लाख रुपैयाँ सहयोग प्रदान गरेका छन्। अन्य पदाधिकारीहरुले पनि विभिन्न क्षेत्रमा व्यक्तिगत सहयोग गर्दै आएका छन। घले र महतो जस्ता धनी व्यक्तिहरुमा मात्र निर्भर नरहेर बढी भन्दा बढी गैरआवासीय नेपालीलाई सहभागी बनाउन सके मात्र यस्ता परियोजनाहरु दीगो हुनेछन।

प्रश्न २३: संघका हाल प्राथमिकतामा परेका परियोजनाहरु के के हुन?

एनआरएन भवन निर्माण र भूकम्प पीडितका लागि १००० घरहरु बनाउने दुई प्रमुख परियोजना छन। यी दुबै परियोजना २०१७ अक्टोबरमा हुने विश्व सम्मेलन भन्दा पहिले पुरा हुने अपेक्षा गरिएको छ। महिला विभागको 'अङ्ग झर्ने ('युटेरस प्रोल्याप्स' बारे जनचेतना फैल्याउने तथा स्वास्थ्य शिविर सञ्चालन गर्ने, बाग्मती सफाइ परियोजना अन्तर्गत शंखमूलमा एनआरएन पार्क बनाउने आदि काम हुदैछन। 'एक एनसिसि एक परियोजना' कार्यक्रमले निरन्तरता पाएको छ। क्यानाडा स्थिति Nepal Library Foundation सँग संघले सहकार्य गरी विभिन्न जिल्लामा ई-पुस्तकालयको स्थापना गर्ने कामले पनि निरन्तरता पाएको छ।

प्रश्न २४: वैदेशिक रोजगारमा गएका नेपालीलाई एनआरएनले कस्तो सहयोग गरेको छ?

मध्यपूर्व लगायतका देशमा वैदेशिक रोजगारमा गएका ३० लाख गैरआवासीय नेपालीहरुको एनआरएनबाट ठूलो अपेक्षा छ। तर अपेक्षा अनुसार सहयोग गर्ने श्रोत र क्षमता एनआरएनएको छैन, खासगरी कामदारहरुको दैनिक समस्यामा संघले प्रत्यक्ष सहयोग गर्न प्राय: असंभव छ। तर संघले शुरु देखि नै वैदेशिक रोजगार सम्वन्धी नीति निर्माण गर्न सरकारसँग सहकार्य गर्ने, वैदेशिक रोजगारमा आई पुग्ने समस्या बारे सचेतना फैल्याउने, दक्ष कामदार उत्पादनमा सहयोग गर्ने, सुरक्षित र मर्यादित वैदेशिक रोजगारका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ सँस्थाहरुसँग सहकार्य गर्ने थुप्रै काम गरेको छ।

वैदेशिक रोजगारको विषयले संघका सम्मेलन र कार्यक्रममा प्राथमिकता पाउदै आएको छ। वैदेशिक रोजगारमा देखिएका समस्याको पहिचान गर्न संघको पहिलो क्षेत्रीय सम्मेलन दोहामा आयोजना गरिएको थियो। तत्पश्चात विभिन्न देशहरुसँग गरिने श्रमसंझौता, बीमा लगायतका नीतिगत कुरामा सरकारलाई सुझाव दिँदै आएको छ। वैदेशिक रोजगारबारे जानकारीमूलक पुस्तक निशुल्क गाउँ गाउँमा पुराउने, एशिया फाउण्डेसन र संघको सहकार्य र योंग इनोभेसनको प्राविधिकको सहयोगमा मोबाईल एप्स बनाउने जस्ता सचेतनामूलक कार्यक्रम सम्पन्न गरिसकेको छ। संघले आईएलओको सहयोगमा वैदेशिक रोजगार कार्यालय काठमाडौंमा श्रम डेस्क स्थापना गरी वैदेशिक रोजगारमा जानेहरुलाई सुझाव सल्लाह र कानुनी

परामर्श दिन वैदेशिक रोजगार प्रवर्धन बोर्डसँग संझौता गरेको छ। यसै गरी वैदेशिक रोजगारलाई मर्यादित र सुव्यवस्थित गर्न यस क्षेत्रमा काम गर्ने गैरसरकारी सँस्थाहरु (जस्तै पौरखी नेपाल, यूएन ओमन) सँग सहकार्य गर्दै आएको छ। उद्योग वाणिज्य महासंघले अघि सारेको दक्ष कामदार उत्पादन गर्न तालीममा संघले सहयोग गरेको छ। वैदेशिक रोजगारको क्रममा विपत्तीमा परेका नेपालीहरुलाई नेपाल फर्काउन सहयोग गर्ने, वैदेशिक रोजगारको क्रममा जेल परेका र मृत्युदण्डको सजाय पाएकालाई सहयोग गर्दै आएको छ, जस्तै डोल्मा शेर्पा अनिश खालिङ बचाउ अभियानमा संघले गरेको सहयोग।

हालसालै मानव तस्करी रोक्न नेपाल प्रहरीको अपराध अनुसन्धान महाशाखासंग समझदारी साथै आइएलओ लगायत अन्तर्राष्ट्रिय मानव अधिकारकर्मी संस्थाहरूसंग सहकार्यको शुरु भएको छ। प्रवासी नेपाली श्रमिकहरूको प्रतिनिधित्व गर्नेगरी वैदेशिक रोजगार ऐन संशोधन गरेर नीति निर्माण तहमा पहुंच राख्न प्रयास भएकोछ। कर्मचारी सञ्चय कोषसंग सहकार्य गर्दै वैदेशिक रोजगार पछि स्वदेश फर्किने नेपाली कामदारहरूका लागि पेन्सन लगायतका सामाजिक सुरक्षा कार्यक्रमहरू ल्याउने प्रयासमा छ।

संघले वैदेशिक रोजगार राहत कोषको अवधारणा अगि सारेको छ। संघको तर्फबाट रु ५ करोड र नेपाल सरकार वैदेशिक रोजगार प्रवर्धन वोर्डले म्याचिङ फण्ड (थप रु ५ करोड) प्रदान गरी १० करोडको राहत कोष बनाउने प्रतिवद्धता गरिएको छ। यस कोषको लागि संघका अध्यक्ष घलेले रु १ करोड सहयोग गरेका छन। यस अछि संघका संस्थापक अध्यक्ष डा. महतोले पनि वैदेशिक रोजगारको क्रममा घाइते भएका नेपालीहरुको सहयोगको लागि रु १ करोडको राहतकोष स्थापना गर्ने घोषणा गरेका थिए।

१० करोड रुपैयाको राहत कोष राम्रो शुरुवात हो, तर यो रकम वास्तविकतामा हात्तीको मुखमा जिरा जस्तै हो। त्यसैले वैदेशिक रोजगारका समस्याहरुका बारेमा एक स्वेतपत्र तयार गर्न जरुरी छ ।

प्रश्न २५: दोहोरो नागरिकता वा नागरिकताको निरन्तरताको अभियान के हो र कहाँ पुगेको छ?

नेपालको कानून अनुसार नेपालको कुनै नागरिकले आफू खुशी विदेशी नागरिकता प्राप्त गरे निजको नेपालको नागरिकता स्वत: रद्द हुन्छ। यस्तो व्यवस्थाले नेपालमा लगानी भित्राउन अप्ठेरो पर्ने र दोश्रो पुस्ताका गैरआवासीय नेपालीहरुको नेपालसँगको सामिप्यता कम हुने भएकोले यसलाई हटाई 'एक पटकको नेपाली सँधैको नेपाली' हुन पाउने व्यवस्था गर्न अनुरोध गर्दै आएको छ। स्थापना काल देखिको यस अनुरोधलाई २०१५ सेप्टेम्वरमा संविधनासभाबाट जारी गरिएको नेपालको संविधानले केही रुपमा संबोधन गरेको छ। नयाँ संविधान अनुसार नेपालीमूलका विदेशी नागरिकलाई छुट्टै प्रकारको नागरिकता 'गैरआवासीय नेपाली नागरिकता'को व्यवस्था गरेको छ। नयाँ व्यवस्था अनुसार विदेशी नागरिकता लिए पछि साविकको नागरिकता रद्द हुनेछ र यसको सट्टा गैरआवासीय नागरिकता लिन सकिने छ। यस्तो नागरिकता प्राप्त गर्ने व्यक्तिले राजनैतिक बाहेक अन्य अधिकार आम नेपालीहरुले सरह उपभोग गर्न सक्ने छन्। तर नागरिकता कसरी जारी गर्ने; दोश्रो, तेश्रो पुस्ताका गैरआवासीय नेपालीलाई यसले कस्तो असर पार्ला? गैरआवासीय नेपाली नागरिकता प्राप्त गर्नेले साविकको राहदानी प्रयोग गर्न पाउने वा छुट्टै खालको राहदानी जारी गरिने आदि थुप्रै विषयहरु स्पष्ट भई सकेका छैनन्। संविधान अन्तर्गत बन्ने ऐन कानूनमा यी कुराहरु स्पष्ट हुने अपेक्षा गरिएको छ। ती ऐन कानून निर्माण नहुँदासम्म यो अभियानले निरन्तरता पाउनेछ।

प्रश्न २६: गैरआवासीय नेपालीलाई नेपालमा हुने निर्वाचनमा सहभागी गराउन संघले के पहल गरेको छ?

बाहिर बस्ने नेपालीलाई नेपालको आमनिर्वाचनमा मतदानको व्यवस्था गर्न निर्वाचन आयोगले गरेको पहलमा संघले सहयोग गर्दै आएको छ। मतदानको संभाव्यता अध्यन गर्न निर्वाचन आयोगका सचिवको संयोजकत्वमा बनेको समितिको सदस्यमा तत्कालिन संघका अध्यक्ष जीवा लामिछाने सदस्य थिए (२०१२ मार्च ५ को अनुसार)। अन्य सदस्यमा अर्थ, गृह, परराष्ट्र, कानून तथा न्याय मन्त्रालयका सहसचिवहरुको प्रतिनिधित्व थियो। यस समितिलाई संघले विश्वका बिभिन्न देशमा गैरआवासीय नागरिकहरुलाई गरिने मतदानको व्यवस्थाको बारे लिखित रुपमा जानकारी गराएको थियो। यस समितिले तयार गरेको प्रतिवेदन पछि निर्वाचन आयुक्तहरुले विभिन्न देशको स्थलगत भ्रमण गरेका थिए जसमा संघका राष्ट्रिय समन्वय परिषदहरुले सकृय रुपमा छलफलमा सहभागी थिए। सिद्धान्तत: बाहिर बस्ने नेपालीलाई मतदानमा सामेल गर्न निर्वाचन आयोग सहमत भए पनि यसको व्यवस्थापनको कठिनाइले यो संभव भएको छैन। अध्ययन प्रतिवेदनमा निर्वाचन ऐनमा केही कानूनी व्यवस्था सुधार्नु पर्ने सुझाव पनि गरिएको थियो। सबै देशमा नेपाली कूटनीतिक नियोग स्थापना नभएको तथा संसदीय निर्वाचनमा सबै क्षेत्रमा बुथ राख्न व्यवस्थापकीय हिसाबले कठिन देखिएको छ। तर समानुपातिक तर्फको निर्वाचनमा बाहिर बस्ने नेपालीलाई सहभागी गराउन सकिने संकेत हालका प्रमुख निर्वाचन आयुक्त डा अयोधी प्रसाद यादवले दिएका छन।

प्रश्न २७: नेपाल खुला विश्वविद्यालय स्थापनामा एनआरएनको के भूमिका छ?

नेपालमा खुला विश्व विद्यालय स्थापनाको लागि संघले नेपाल सरकारसँग सन २०१० देखि पहल गर्दै आएको थियो। यसको फलस्वरुप हालै व्यवस्थापिका संसदले 'नेपाल खुला

विश्वविद्यालय विधेयक २०७२' पारित गरेको छ। ऐन अनुसार विश्व विद्यालय सञ्चालक समितिमा ३ जना गैरआवासीय नेपाली प्रतिनिधी रहने व्यवस्था गरेको छ, संघले ६ क्षेत्रबाट ६ जना प्रतिनिधी राख्न अनुरोध गरेको थियो।

Canada Foundation for Nepal (CFFN) र संघको सहकार्यमा विश्व विधलाय स्थापनाको छलफल शुरु भएको थियो भने यसले २०१० मा अमेरिका सम्पन्न क्षेत्रीय सम्मेलनमा यसले मूर्त रुप लिएको थियो। यसै सालको सेप्टेम्बरमा संघ, CFFN र क्यानाडाको अथवास्का विश्व विधालय बिच एक संझौतापत्रमा हस्ताक्षर भएको थियो। २०१० कै अक्टोबरमा संघ र नेपाल सरकारको शिक्षा मन्त्रालय बिच एक संझौता भई एक स्टेरिङ कमिटि बनाउने जसको सहअध्यक्षता शिक्षा मन्त्रीको सहसचिव र संघका अध्यक्ष (तत्कालिन रुपमा जीवा लामिछाने) गर्ने निर्णय भएको थियो। नेपाल सरकार र अथवास्का विश्व विधालयसँग सहकार्य गरी ऐन बनाउने कार्यमा संघ सकृय हुदै आएको थियो। बिभिन्न देशका विज्ञहरुलाई निमन्त्रणा गरी कार्यशाला, गोष्ठीहरु सञ्चालन गर्न संघले प्रमुख भूमिका खेलेको थियो, जस्तै २०१२ जनवरीमा अथवास्का विश्व विधालयको सहयोगमा काठाडौमा भएको कार्यशाला। खुला विश्वविधलय स्थापनाका लागि डा प्रमोद ढकाल क्यानाडाबाट नेपाल बसाई सरी बिगत ६ वर्ष सम्म निरन्तर यस कार्यमा लागेका छन। डा ढकालको संयोजकत्वमा रहेको खुला विश्वविधालय कार्यदलका अन्य सदस्यहरुले सहयोग गर्दै आएका छन। संघले विश्व विधालयमा आर्थीक लगानी नगरी प्राज्ञिक क्षेत्रमा सहयोग गर्दै जानेछ।

प्रश्न २८: नेपाल प्रवर्द्धन गर्न संघले के गर्दैछ?

नेपालको कला संस्कृति संसारमा चिनाउन एनआरएन सकृयरुपमा लागेको छ। राष्ट्रिय समन्वय परिषदको सकृयतामा विश्वका ठुला शहरमा हरेक वर्ष नेपाल दिवस आयोजना हुदै आएको छ। ठुला शहरहरुमा नेपाल झल्काउने नेपाली घरको स्थापना पनि भएका छन। बुद्धभूमि नेपाल भनि चिनाउन विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने, दि नेदरल्याण्डसको हेग स्थित अन्तर्राष्ट्रिय अदालतमा बुद्धको मूर्ती स्थापना आदि कार्य गरेको छ। पर्यटन प्रवर्धनका लागी पहिले Send Home a Friend र अहिले 'अतिथि देवो भव' अभियान चलाउदै आएको छ।

प्रश्न २९: ज्ञान, सीप र प्रविधिको क्षेत्रमा संघले कस्तो पहल गर्दै आएको छ?

पूँजीको साथमा बाहिर सिकेको ज्ञान, सीपलाई नेपालमा भित्राउन संघले पहल गर्दै आएको छ। यसको लागि संघको विधानले Skill, Knowledge and Innovation (SKI) नामक एक स्थाई समितिको व्यवस्था गरेको छ। यस समितिले खुला विश्व विद्यालय कार्यदलसँग पनि सहकार्य गर्दै आएको छ। यस समितिको पहलमा Nepal Science Foundation समेत स्थापना गरेको छ, जसले नेपालको ग्रासरुट सम्म विज्ञान र प्रविधिलाई प्रवर्द्धन गर्न विभिन्न कार्यकम सञ्चालन गर्ने उद्देश्य राखेको छ। नेपालमा विज्ञान क्षेत्रको विकासको लागि नेपाल विज्ञान प्रविधि प्रज्ञा प्रतिष्ठान (NAST) सँग समझदारी भएको छ। खास गरी नेपालमा पाइने जडीबुटी, चीज प्रशोधन तथा वैकल्पिक उर्जा आदिको क्षेत्रमा खोज गर्न सहकार्य गर्ने समझदारी भएको छ।

यसैगरी विभिन्न जिल्लामा ई-पुस्तकालयको स्थापना गर्न क्यानाडा स्थित Nepal Library Foundation सँग संघले सहकार्य गर्दै आएको छ। २०१३-२०१५ मा मात्र चितौन, काठमाडौ, पाल्पा, गुल्मी, स्याङ्जा, धनगडीमा ई-लाईब्रेरी स्थापना गर्न सहयोग प्राप्त भएको छ। संघबाट अझ बढी सहयोग मिलेमा थुप्रै काम गर्न सकिने अपेक्षा फाउण्डेसनले गरेको छ।

संघ मार्फत विज्ञहरुले समय समयमा नेपाल सरकारलाई विभिन्न क्षेत्रमा सुझाव दिदै आएका छन्। जस्तै नेपालको संविधान कस्तो बन्नु पर्छ (राष्ट्रिय समन्वय परिषदबाट प्राप्त सुझाव संकलन गरी नमुना संविधान तयार पेश गरेको), नेपालको समग्र विकासको मोडल कस्तो हुनु पर्छ, नेपालको आर्थिक कूटनीतिलाई कसरी सफल पार्न सकिन्छ (२०११), आदि विषयहरुमा संघले विज्ञहरुको लिखित सुझाव नेपाल सरकारलाई पेश गरेको थियो।

प्रश्न ३०: दोश्रो पुस्ताका नेपालीहरुलाई नेपालसँगको सामीप्यता बढाउन संघले के पहल गर्दैछ?

महिलाहरु जस्तै युवासंबन्धी विषय हेर्ने युवा विभाग छ जसलाई यूथ फोरम भनिन्छ। विश्वभरी छरिएर रहेका गैरआवासीय नेपाली युवाहरुलाई संयोजन गर्दै नेपालको हितमा सकृय भूमिका निर्वाह गर्ने गर्ने उद्देश्य युवा फोरमको रहेको छ। दोश्रो पुस्ताका गैरआवासीय नेपालीहरुलाई नेपाल र नेपालीप्रति सामिप्यता बढाउन विभिन्न कार्यक्रम गर्दै आएको छ। जस्तै उनीहरुबीच विश्व सम्मेलनमा नेपाल सम्वन्धी निवन्ध प्रतियोगिता, चित्रकला प्रतियोगिता गराएको थियो। युवा फोरम, नेपाल सरकारको युवा तथा खेलकुद मन्त्रालय, राष्ट्रिय युवा परिषदको संयुक्त आयोजनामा 'प्रथम विश्व युवा सम्मेलन' काठमाण्डौमा आयोजना हुदैछ। २०१६ अक्टोवर १ देखि ४ सम्पन्न हुने यस सम्मेलनमा देश भित्र र बाहिरका युवाहरुको सहभागिता हुनेछ, जसमा उनीहरुका साझा मुद्दाहरु, उनीहरुको प्रतिभा, उद्यमशीलता, संभावना, चुनौती, बौद्धिक पलायन आदि विषयमा छलफल हुनेछ।

प्रश्न ३१: एनआरएन बारे थप जानाकारी कहाँबाट प्राप्त गर्न सकिन्छ?

एनआरएको आधिकारिक वेभसाईट http://nrna.org.np/ र संघबाट प्रकाशित दस्तावेज पुस्तिका http://nrna.org.np/downloads_pdf/nrna_pustikaa.pdf बाट।

मिति: २०१६ जुलाई १३

तत्कालिन परराष्ट्रमन्त्री माधव प्रसाद घिमिरे सातौ विश्व सम्मेलनको उद्घाटन समारोहमा संघको दर्ता प्रमाणपत्र तत्कालीन संघका अध्यक्ष जीवा लामिछानेलाई हस्तान्तरण गर्दै। साथमा संघका पूर्व अध्यक्षहरु डा उपेन्द्र महतो, देवमान हिराचन तथा नवनिर्वाचित अध्यक्ष शेष घले। (हस्तान्तरण मिति २०१३ अक्टोवर २१)

एनआरएन भवनको शिलान्यास गर्दै तत्कालीन प्रधानमन्त्री सुशील कोइराला साथमा संघका अध्यक्ष शेष घले संस्थापक अध्यक्ष डा. उपेन्द्र महतो पूर्व अध्यक्ष जीवा लामिछाने, पूर्व संरक्षक भिम उदास तथा पदाधिकारीहरू ।

राष्ट्रपती विधा भन्डारीको उपस्थितीमा गोर्खाको लाप्राकमा नमूना वस्ती बनाउन पुनः निर्माण प्राधिकरण, शहरी विकाश मन्त्रालय र गैरआवासीय नेपाली संघबीच भएको सम्झौता । स्थान : लाप्राक ।

बाँया : मोबाईल आप्सको शुभराम्भ गर्ने कार्यक्रममा श्रम तथा रोजगार मन्त्री दीपक बोहराको प्रमुख आतिथ्यतामा संघका अध्यक्ष तथा पदाधिकारीको उपस्थिती, मिति २०१६ मे १८।
दायाँ : संघद्वारा प्रकाशित वैदेशिक रोजगार सम्वन्धी जानकारी मुलक पुस्तिका